सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालत

## प्रेस विज्ञप्ती

**<u>सम्माननीय प्रधान न्यायाधीश नेतृत्वको भ्रमण दल बेलायत भ्रमणपश्चात् स्वदेश फिर्ता</u>**

बेलायत सरकारको निमन्त्रणामा बेलायतको सर्वोच्च अदालतलगायत अन्य अदालतहरुको औपचारिक भ्रमण एवम् द्विपक्षीय सम्बन्ध विस्तारको सिलसिलामा मिति २०८२।१।१४ गतेदेखि ऐ.२२ गतेसम्म तद्नुसार २७ अप्रिल २०२५ देखि ऐ. ५ मे २०२५ सम्म बेलायतको सर्वोच्च अदालत लगायत विभिन्न अदालतहरुको भ्रमण कार्यक्रममा सहभागी हुनुभई सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यूको नेतृत्वको पाँच सदस्यीय भ्रमण दल मिति २०८२।१।२३ गते **Air India** को विमानबाट स्वदेश फिर्ता भएको छ।

यस अवसरमा नेपालका सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यू र बेलायतका सर्वोच्च अदालतका अध्यक्ष **Rt. Hon. The Lord Reed of Allermuir** ज्यूले २९ अप्रिल २०२५ मा नेपालको सर्वोच्च अदालत र बेलायतको सर्वोच्च अदालत बीचको लामो समयदेखिको सम्बन्धलाई सुदृढ गर्नका लागि **Letter of Goodwill** मा हस्ताक्षर गर्नुभयो। उक्त **Letter of Goodwill** द्वारा दुवै पक्षले दुई न्यायापालिकाहरु बीच उत्कृष्ट अभ्यास एवम् पारस्परिक सहयोग आदानप्रदान गर्न प्रतिवद्धता व्यक्त गरेका छन्।

भ्रमण दलमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिप्रसाद फुयालज्यू, विशेष अदालतका माननीय सदस्य श्री रितेन्द्र थापाज्यू, उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री हेमन्त रावलज्यू र यस अदालतका रजिस्ट्रार श्री विमल पौडेलज्यू  समेतको सहभागिता रहेको थियो।

मिति: २०८२ वैशाख २३ गते।
ने.सं.: ११४५ बछलाथ्वः ९, मंगलबार

२०८२।१।२२

अच्युत कुईकेल
(प्रवक्ता/सह रजिष्ट्रार)

सहरजिष्ट्रार